E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np

**पत्र संख्याः** बैं.वि.नि.वि./नीति/परिपत्र/ १४ /०६३/६४ **मितिः**

सबै बाणिज्य बैंक तथा वित्तीय संस्थाहरु ( 'क', 'ख', 'ग' र 'घ' वर्ग समेत)।

महाशय

यस बैंकवाट जारी गरिएको एकिकृत निर्देशनमा निम्न विषय उपर देहाय बमोजिमको व्यवस्था कायम गर्ने निर्णय भएको हुँदा सो बमोजिम गर्नु/गराउनु हुन अनुरोध गर्दछु।

१. **यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशनको इ.प्रा.निर्देशन नं. १/०६१/६२ न्यूनतम पूंजीकोष सम्वन्धी व्यवस्था र इ.प्रा.निर्देशन नं.४/०६१/०६२ लेखा नीति तथा वित्तीय विवरणहरुको ढांचा सम्वन्धी निर्देशनको फारमहरुमा देहायका बुंदाहरु थप तथा परिमार्जन गर्ने।**

(क) ने.रा.बैंक निर्देशन अनुसूची ४.२ मा प्रस्तावित वोनस शेयर, पूँजी समायोजन कोष र अन्य जगेडा कोष उपशीर्षक थप गर्ने। (अनुसूची ४.२ संलग्न)

(ख) ने.रा.बैंक निर्देशन अनसूची ४.१३ (घ) मा "यस वर्षको व्यवस्थाबाट फिर्ता" उपशीर्षकलाई "गत आ.व. को व्यवस्थाबाट फिर्ता" गर्ने गरी मिलाउने। साथै, "यस वर्षको थप व्यवर्स्था" उपशीर्षक थप गर्ने र "यस वर्षको थपघट" लाई "यस वर्षको खुद थपघट गरी" परिमार्जन गर्ने। (अनुसूची ४.१३ संलग्न)

(ग) ने.रा.बैंक निर्देशन अनसूची ४.१८ मा "अन्तर बैंक लगानीमा व्याज" उपशीर्षक थप गर्ने। (अनुसूची ४.१८ संलग्न)

(घ) ने.रा.बैंक निर्देशन नं. ४ को अनुसूचीमा उल्लिखित "नगद प्रवाह विवरण" को (ख) लगानी कारोवारमा नगद प्रवाह उपशीर्षक अन्तर्गत सि.नं.५ थप गरी "अन्य" उपशीर्षक थप गर्ने।

(ङ) ने.रा.बैंक निर्देशन नं. ४ को (ग) लेखा सम्बन्धी टिप्पणीहरु अन्तर्गत बुँदा नं. १३ थप गरी इजाजतपत्रप्राप्त संस्थाको एजेन्सी मौज्दात अन्तर्गत अवधि अनुसारको (१ वर्ष, १-३ वर्ष, ३ वर्षभन्दा बढी) हिसाव मिलान हुन बांकी रकमको विवरण समेत खुलाउनु पर्ने व्यवस्था थप हुनुपर्ने।

(च) ने.रा.बैंक निर्देशन नं. ४ को अनुसूची नं.४.१४ स्थिर सम्पत्ति सम्बधी विवरणमा विक्री तथा अपलेखन गरिएको सम्पत्तिमा कायम रहेको "ह्रासकट्टीको रकम समायोजन /फिर्ता" गरी देखाउने उपशिर्षक थप गर्ने।

(छ) ने.रा.बैंक निर्देशन नं. ४ को अनुसूची नं.४.१६ (क) मा अन्य सम्पत्तिको थप विवरण अन्तर्गत स्वदेशी तथा विदेशी एजेन्सी हिसाव शीर्षक अन्तर्गत हिसाव मिलान नभएका वक्यौता रकम लेखा विवरणमा समावेश गर्नु नपर्ने देखिएकोले सो उपशीर्षक हटाउने।

(ज) ने.रा.बैंक निर्देशन नं. ४ को अनुसूची नं.४.३० (क) अन्तर्गत जोखिम भारित सम्पत्ति विवरण तालिका र जोखिम भार गणना गर्दा निर्देशन फारम नं.१.२ मा उल्लेख गरिएको व्यवस्थालाई एकरुपता कायम गर्दै देहायबमोजिम संशोधन गर्ने। "पाउनुपर्ने खुद अन्य ब्याज रकम (कूल पाउनु पर्ने व्याज-सरकारी ऋणपत्रमा पाउनुपर्ने ब्याज - व्याज मूल्तवी हिसाव) मा शतप्रतिशत जोखिम भार गणना गर्ने।"

क्रमशः

E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np

(झ) पूँजीकोष तालिका निर्देशन फा.नं.१.१ र ४.३० को उपशीर्षक न.५ मा रहेको "गत आ.व.सम्मको" व्यवस्था हटाउने र फा.नं.४.३० मा प्राथमिक पूँजी गणना गर्दा सि.नं.६ मा उल्लेख भएको "वासलातमा देखाईएको चालु आ.व.को नाफा नोक्सान हिसावका रकम" उप-शीर्षक आवश्यक नदेखिएकोले हटाउने व्यवस्था गर्ने ।

(ञ) ने.रा.बैंक निर्देशन अनुसूची ४.१(१.३) को "ख" रहेको "प्रस्तावित वोनस शेयर प्रति शेयर रु.......... ......ले " भन्ने शब्द हटाई निर्देशन नं.४.२ मा वुँदा नं.४ थप गरी राख्ने र वुँदा नं. ४, ५ र ६ लाई क्रमश: ५, ६ र ७ गर्ने । वुँदा नं. ५ को अन्त्यमा खण्ड (घ) थप गरी "अन्य जगेडा" उप शीर्षक राख्ने । (संशोधित अनुसूची ४.१ र ४.२ संलग्न छ) ।

२. **यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशनको इ.प्रा.निर्देशन नं. २/०६१/६२ को दफा ८ को उपदफा ४ मा भएको विद्यमान व्यवस्थापछि देहाय बमोजिमका बुंदाहरु थप गर्ने ।**

(क) लघु वित्तीय संस्थाहरुलाई संस्थागत क्षमता तथा संस्थागत जमानीमा थोक कर्जा प्रवाह गर्न सक्ने ।

(ख) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त सहकारी संस्थाहरुलाई पनि बुँदा (क) बमोजिम विपन्न वर्गमा लगानी गर्ने गरी थोक कर्जा उपलब्ध गराउन सक्ने र यसरी उपलब्ध गराएको कर्जा विपन्न वर्गमा लगानी भए नभएको सम्बन्धीत बैंकबाट नै अनुगमन गरी ६/६ महिनामा सो को विवरण यस बैंकमा पठाउनु पर्ने । साथै, उक्त प्रयोजनका लागि उपलब्ध गराएको थोक कर्जा यस बैंकको निरीक्षणको क्रममा दुरुपयोग भएको पाइएमा दुरुपयोग भएको कर्जा वरावरको रकम विपन्न वर्गमा गणना नगरिने ।

(ग) लघु वित्तीय संस्था एवं सहकारी संस्थाहरुलाई बुँदा नं. (क) र (ख) बमोजिम लगानी गरेको कर्जाको इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशनको निर्देशन नं. २ को दफा ८ को उपदफा (४) बमोजिम कर्जा वर्गीकरणको आधारमा तोकिएको कर्जा नोक्सानी व्यवस्थामा अतिरिक्त वीस प्रतिशत थप कर्जा नोक्सानी व्यवस्था गर्नु नपर्ने ।"

भवदीय,

(केशव राज आचार्य )
निर्देशक

<u>बोधार्थ:</u>

नेपाल राष्ट्र वैंक, बैंक सुपरिवेक्षण विभाग ।
नेपाल राष्ट्र वैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
नेपाल राष्ट्र वैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
नेपाल राष्ट्र वैंक, लघु वित्त विभाग ।
नेपाल राष्ट्र वैंक, कानून महाशाखा ।
नेपाल राष्ट्र वैंक, जिल्ला स्थित कार्यालयहरु ।
श्री नेपाल बैकर्श संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार विजनेस कम्प्लेक्स, काठमाण्डौ ।